राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ६ अंक २८४ २०८२ जेठ २७ गते मंगलवार (10 June 2025) पृष्ठ ४ मूल्य रु. ३।-

# गर्मीबाट हुने रोगहरूः कारण, लक्षण र बच्ने उपायहरू

जनकपुरधाम २६ जेठ । पछिल्ला वर्षहरूमा जलवायु परिवर्तनका कारण नेपाल लगायत विश्वका धेरै मुलुकहरूमा अत्यधिक गर्मीको समस्या बढ्दै गएको छ । विशेष गरी मधेश र तराई क्षेत्रमा गर्मीको प्रभाव अत्यन्त गम्भीर बन्न थालेको छ । एकातिर तापमान बढेको छ भने अर्कोतर्फ अत्यधिक आर्द्रता र तातो हावा (लु) जस्ता कारणले स्वास्थ्यमा प्रतिकूल असर पार्न थालेको छ । त्यसैले अहिलेको समयमा गर्मीबाट हुने रोगहरूबारे जानकार हुनु, तिनको लक्षण चिन्न सक्नु र बच्ने उपायहरू अवलम्बन गर्नु अत्यन्त जरुरी छ। यस लेखमा हामी गर्मीबाट हुने प्रमुख रोगहरूबारे विस्तृत जानकारी दिनेछौं।



*डिहाइड्रेशन* (**Dehydration**)
*कारण:*
गर्मीमा शरीरबाट पसिनाको माध्यमबाट धेरै मात्रामा पानी र लवण निस्कन्छ । यदि हामीले पर्याप्त मात्रामा पानी नपिएमा शरीरमा पानीको कमी हुन्छ, जसलाई डिहाइड्रेशन भनिन्छ ।
**लक्षण:**
अत्यधिक तिर्खा लाग्ने
मुख सुक्खा हुने
छाला सुख्खा र खिचिने
थकान र कमजोरी
चक्कर लाग्ने
मूत्र कम आउने वा पहेंलो हुने
**बच्ने उपाय:**
दिनभरि पर्याप्त मात्रामा पानी पिउनु पर्ने
ओआरएस, लवणयुक्त पानी, कागती पानी सेवन गर्नु पर्ने
मदिरा, कफी जस्ता डिहाइड्रेट गर्ने पदार्थहरूबाट टाढा रहनुपर्ने

**हीट स्ट्रोक (Heat Stroke)**
**कारण:**
जब शरीरको तापमान ४० डिग्री सेल्सियस वा सोभन्दा माथि पुग्छ र शरीरले त्यसलाई नियन्त्रण गर्न सक्दैन, तब हीट स्ट्रोक हुन्छ । यो अत्यन्त ज्यानमारा अवस्था हो र तुरुन्तै उपचार आवश्यक हुन्छ।
**लक्षण:**
शरीर अत्यधिक तातो र सुख्खा हुने
पसिना नआउने
छाला रातो हुने
अत्यधिक कमजोरी र थकान
मानसिक भ्रम, बोल्न गाह्रो हुने
बेहोस हुने
*बच्ने उपाय:*
गर्मीको चरम समयमा घरभित्र बस्ने ।
पर्याप्त पानी पिउने ।
हलुका कपडा लगाउने ।
लुको समयमा बाहिर नजाने ।
हीट स्ट्रोकको लक्षण देखिएमा तुरुन्त चिसो ठाउँमा लैजाने र चिकित्सकको सहयोग लिने।

**हीट एक्सहशन** (Heat Exhaustion)
*कारण:*
अत्यधिक पसिनाका कारण शरीरमा पानी र लवणको कमी भइ थकान र कमजोरी हुने अवस्था हो। यो अवस्था हीट स्ट्रोक मा परिणत हुन सक्छ।
**लक्षण:**
अत्यधिक पसिना आउने
चक्कर लाग्ने
टाउको दुख्ने
छाला चिसो र चिप्लो हुने
कमजोरी र थकान
नाडी कमजोर र छिटो धड्किने
**बच्ने उपाय:**
चिसो र छायाँ भएको ठाउँमा बस्ने।
पर्याप्त पानी र लवणयुक्त पेय पदार्थ सेवन गर्ने।
आवश्यक परेमा चिकित्सकको सल्लाह लिनुहोस्।

*लु (**Heat Cramps**)*
**कारण:**
तातो हावासँग सम्पर्कमा आउँदा शरीरमा पानी र लवणको असन्तुलन हुन्छ । विशेष गरी गहुँत, खेति गर्ने, निर्माण कार्य गर्ने व्यक्तिहरूमा यो समस्या बढी देखिन्छ ।
**लक्षण:**
पेट, हात, खुट्टामा एंठन र दुखाइ
मांसपेशी तन्किने
अत्यधिक पसिना आउने
*बच्ने उपाय:*
चिसो ठाउँमा बस्नुहोस्।
पानी र लवणयुक्त पेय पदार्थ सेवन गर्नुहोस्।
केही समय विश्राम लिनुहोस्।

**फुड प्वाइजोनिङ (Food Poisoning)**
*कारण:*
गर्मीमा खाना चाँडै बिग्रन्छ। दूषित पानी र खाद्य पदार्थ सेवन गर्दा फुड प्वाइजोनिङ हुने सम्भावना बढ्छ।
**लक्षण:**
बान्ता हुने
पेट दुख्ने
पातलो दिसा लाग्ने
ज्वरो आउने
**बच्ने उपाय:**
सफा र ताजा खाना मात्र खाने।
दूषित पानी नपिउने, उबालेर वा फिल्टर गरिएको पानी पिउने।

बाहिरको अनियन्त्रित खाना सेवन नगर्ने।

**स्किन रैशेज (Skin Rashes)**
कारण:
गर्मी र पसिनाको कारण छालामा रैश वा डाबर आउन सक्छ। विशेष गरी बच्चाहरू र अति मोटोपन भएका व्यक्तिहरू मा यो बढी देखिन्छ।
**लक्षण:**
छालामा रातो र खुजली आउने डाबर
छालामा चिलाउने
शरीरमा जलन अनुभव हुने
*बच्ने उपाय:*
छालालाई सधैं सफा र सुक्खा राख्ने।
हलुका र सुतिको कपडा लगाउने।
आवश्यक परेमा डाक्टरको सल्लाह अनुसार औषधि प्रयोग गर्ने।

*घामडसेक (**Sunburn**)*
**कारण:**
घाममा लामो समय बस्दा छालामा जलन र डाम देखिन्छ। यो ग्ख किरणको असर हो।
*लक्षण:*
छालामा रातोपन
पोल्ने र जल्ने अनुभव
छालामा छाला उत्रिने
*बच्ने उपाय:*
सनस्क्रिन प्रयोग गर्ने।
घाममा लामो समय नबस्ने।
टोपी, छाता र लामो आस्तीन भएको कपडा लगाउने।

***आँखा सम्बन्धी समस्या***
**कारण:**
अत्यधिक घाम र धुलोका कारण आँखामा समस्या आउन सक्छ।
**लक्षण:**
आँखामा जलन र रातोपन
आँखामा पानी आउने
धुलो लाग्ने अनुभूति
*बच्ने उपाय:*
सनग्लास लगाउने।
धुलो भएको स्थानमा नजाने।
सफा पानीले आँखालाई धुने।

अत्यधिक गर्मीले विभिन्न प्रकारका रोगहरू निम्त्याउन सक्छ। गर्मीलाई सामान्य रुपमा लिनु खतरनाक हुन सक्छ।
जानकारी, सतर्कता र सही जीवनशैली अपनाएर हामी धेरै हदसम्म गर्मीबाट हुने रोगहरूबाट बच्न सक्छौं।
जलवायु परिवर्तनसँग जुध्न दीर्घकालीन उपायका रूपमा वृक्षारोपण र वातावरणमैत्री व्यवहार अपनाउनु पनि हाम्रो साझा दायित्व हो।
अन्ततः, गर्मी जस्तो प्राकृतिक चुनौतीलाई ज्ञान र व्यवहारिक उपायहरू मार्फत पार गर्न सकिन्छ।
सुरक्षित रहौं, सजग बनौं।

# 'योजना छनोटमा ठेकेदारको चलखेलप्रति सांसद दासको आपत्ति'

दैनिक समाचारदाता
जनकपुरधाम, २६ जेठ । मधेश प्रदेशका सत्तारुढ नेकपा एमालेका सांसद लखन दासले ठेकेदार र बिचौलियामार्फत योजना छनोट भइरहेकोमा आपत्ति जनाएका छन् ।

सरकारले ल्याएको नीति तथा कार्यक्रममा भइरहेको छलफलमा भाग लिदै सांसद दासले योजना तथा कार्यक्रम



प्रभावकारी ढंगले नगर्नु सरकार

बाँकी पृष्ठ ३मा

# रेलमार्ग निर्माणको कार्य रोकियो


दैनिक समाचारदाता
सर्लाही, २६ जेठ । राष्ट्रिय गौरवको आयोजनाअन्तर्गत पर्ने पूर्वपश्चिम विद्युतीय रेलमार्ग निर्माणको काम ठप्प भएको छ । बजेट अभावका कारण रेलमार्ग निर्माणको काम रोकिन पुगेको हो । रेलमार्गको अहिलेसम्म महोत्तरीको बर्दीवासदेखि रौतहटको चाँचासम्मको ६९ किलोमिटर क्षेत्रमा ट्रयाक निर्माणका लागि ठेक्का लागेको छ ।

यो खण्डको ६९ किलोमिटरमध्ये महोत्तरी, सर्लाही र रौतहट गरी तीनै जिल्लाका विभिन्न स्थानमा एक किलोमिटर ३०० मिटरजति क्षेत्रमा ऐलानी जग्गा र मुआब्जाको विषयमा विवाद हुँदा काम अघि बढ्न सकेको छैन । रेल योजना कार्यालय लालबन्दीका प्रमुख किरण कार्कीले यो वर्ष रेलमार्ग निर्माणका लागि अत्यन्त कम बजेट प्राप्त भएकाले काम गर्ने नसकिएको जानकारी दिनुभयो ।

रेलमार्गको काम गर्न चालू आर्थिक वर्ष २०८१/८२ मा ३३ करोड रुपियाँ बजेट मात्र प्राप्त भएकोमा सबै बजेट खर्च भइसकेको छ । निर्माण व्यवसायीलाई गत वर्षकै तिर्न बाँकी रहेको रकम र यो वर्ष भएका केही कामको भुक्तानी भएर बजेट सकिएकाले थप काम अघि बढ्न नसकेको कार्कीले बताउनुभएको छ ।

काम गर्न बजेट अभाव रहेको सम्वन्धमा विभाग र मन्त्रालयसँग बारम्बार हारगुहार गरिरहेको कार्यालय प्रमुख कार्कीले बताउनुभयो । "निर्माण व्यवसायीले अघिल्लो वर्षदेखिकै भुक्तानी बाँकी छ तर यो वर्ष बजेट निकै कम अयो, भएको पनि भुक्तानी गरेर सकिएको छ," कार्यालय प्रमुख कार्कीले गोरखापत्रसँग भन्नुभयो, "बजेटकै लागि भनेर अहिले काठमाडौं आएर विभाग तथा मन्त्रालयमा

बाँकी पृष्ठ ३मा



## सम्पादकीय

# आशाजनक प्रतिबद्धता, चुनौती कार्यान्वयनमा

आगामी आर्थिक वर्ष २०८२/८३ का लागि सातवटै प्रदेशले आ(आफ्ना नीति तथा कार्यक्रम सार्वजनिक गरेका छन् । विकास र संरचना निर्माणलाई प्राथमिकता दिँदै खर्च कटौती र सुशासन प्रवर्द्धनतर्फ प्रदेश सरकारहरू उन्मुख भएका छन् । तर, यस्ता कार्यक्रमको सार्थकता कार्यान्वयनमै निर्भर हुन्छ भन्ने अनुभव अघिल्ला वर्षहरूले देखाइसकेको छ ।

मधेस प्रदेशले यसपटक नारायुक्त नीति प्रस्तुत गरेको छ । 'मधेसले देशलाई खुवाउने' अभियानअन्तर्गत कृषि उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने र निर्यात प्रवर्द्धन गर्ने योजना ल्याइएको छ । खाद्यान्न आयात घटाउने, आँप क्षेत्र विस्तार, महिला उद्यमशीलता, साक्षरता अभियान, 'मधेस भ्रमण वर्ष २०८३' जस्ता कार्यक्रम उल्लेखनीय छन् ।

कोशी प्रदेशले 'कोशी पर्यटन वर्ष २०८२' घोषणा गर्दै आन्तरिक राजस्व वृद्धि, पूर्वाधार निर्माण र लगानीमैत्री वातावरण सृजना गर्ने योजना अघि सारेको छ। मधेस प्रदेशले 'मधेसले देशलाई खुवाउने' अभियानअन्तर्गत कृषि आत्मनिर्भरता र निर्यात वृद्धि गर्ने महत्वाकांक्षी योजना ल्याएको छ।

बागमतीले आयोजना पुनः प्राथमिकीकरण र रायड सेयरिङ कानुन ल्याउने योजना गरेको छ। परियोजना व्यवस्थापन सुधार र स्टार्टअप प्रवर्द्धन पनि प्राथमिकतामा परेको छ। गण्डकीले स्वास्थ्य पूर्वाधार, टूमा केयर युनिट सुदृढीकरण र आन्तरिक पर्यटन प्रवर्द्धनमा विशेष जोड दिएको छ।

लुम्बिनीले कृषि उत्पादकत्व वृद्धि, स्थानीय उद्योग विस्तार र स्टार्टअप प्रोत्साहनमा ध्यान केन्द्रित गरेको छ। आत्मनिर्भर प्रदेश निर्माण गर्न विभिन्न कार्यक्रम घोषणा गरिएका छन्। कर्णालीले 'नेपालको गन्तव्य कर्णाली' अभियानसहित न्यूनतम समर्थन मूल्य निर्धारण र तुइन विस्थापनजस्ता सामाजिक उत्तरदायित्वका योजना अघि सारेको छ।

सुदूरपश्चिम प्रदेशले रैथाने वस्तु उत्पादन, स्टार्टअप इकोसिस्टम र घरेलु उद्योग प्रवर्द्धनलाई केन्द्रमा राखेको छ। २५ वर्षे विकास रणनीति र दोस्रो पञ्चवर्षीय योजना निर्माणका साथै १०० उच्च प्रतिफलयुक्त आयोजना कार्यान्वयन गर्ने योजना पनि छ।

प्रदेश सरकारहरूले यसपटक अपेक्षाकृत स्पष्ट योजना र प्रतिबद्धता प्रस्तुत गरेका छन्। यद्यपि, अघिल्ला वर्षहरूमा कार्यान्वयनको कमजोरी दोहोरिन नदिन सरकारहरूबीच समन्वय, दक्ष प्रशासनिक संयन्त्र र परिणाममुखी मूल्यांकन प्रणाली आवश्यक छ। घोषणाभन्दा कार्यान्वयनमा ध्यान दिनु नै सफलताको प्रमुख आधार बन्नेछ ।

# सूचनाको हक प्रयोगको महत्व नागरिक अभियान र सरकारी स्वीकार्यता

*उमीद बागचन्द*

आमनेपाली नागरिकको मौलिक हकका रुपमा रहेको सूचना हकलाई सबैका लागि सहज पहुँच बनाउन, सरकारी निकायलाई जवाफदेही र जिम्मेवार बनाउने उद्देश्यले परिकल्पना गरिएको यस सूचनाको हकसम्बन्धी ऐन २०६४ व्यावहारिक रुपमा कार्यान्वयनको बाटोमा अघि बढिरहेको छ । यो ऐन कार्यान्वयनले सुशासन कायम गर्न टेवा दिने मात्र नभई सार्वजनिक निकायलाई जवाफदेही र जिम्मेवार बनाउने काम गर्दछ । यो ऐनको व्यावहारिक रुपमा प्रयोग गरेर सार्वजनिक निकायलाई जवाफदेही र जिम्मेवार बनाउन नागरिक स्तरबाट समेत सूचनाको हकको अभियान सञ्चालन मात्र गरिएको छैन, सूचनाको हकको प्रवर्द्धनमा समेत अभियानकर्ताहरु लागिपरेका छन् । फलस्वरुप सार्वजनिक निकायका सूचना अधिकारीहरु पनि सूचना दिने कार्य गरिरहेका छन् । विगतको तुलनामा सूचना माग्ने र दिने क्रम पनि बढेको छ ।

सार्वजनिक निकायले गर्नुपर्ने अनिवार्य कानुनी प्रावधानका रुपमा रहेको तीन/तीन महिनामा स्वतः प्रकाशन गर्ने कार्य केही हदसम्म हुँदै पनि आएको छ । सूचना माग्ने र दिन परम्पराको थालनी भएको छ भन्न सकिन्छ । यो कानुन सुशासनका लागि महत्वपूर्ण औजारका रुपमा प्रयोग गर्ने केही कार्यालयहरु पनि बढ्दै गएको पाइन्छ । यो कानुनको सबै सार्वजनिक निकायहरुले व्यावहारिक रुपमा प्रयोग र कार्यान्वयन गर्ने वातावरण सिर्जना हुँदै आएको छ । निजगढ विमानस्थल बनाउने भनिएको क्षेत्रको सूचनाको हक प्रयोग गरेर वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन बाहिर आएपछि लामो समयसम्म अन्योलमा रहेको निजगढ विमानस्थलको कार्यले निकास पाएको छ । सूचनाको हक प्रयोग गरेर मागेको सूचनाले धेरै कुराको खुलासा गरी गलत हुन लागेको काम रोकिएको छ ।

***कानुनमा भएका व्यवस्था:***

सूचनाको हकसम्बन्धी ऐन २०६४ जनताको सूचनाको हकलाई संरक्षण गर्न र सरल पहुँचका लागि बनाइएको ऐन हो । यस ऐनले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारबाहीको निर्णयसँग सम्बन्धित कुनै लिखित सामग्री वा जानकारीलाई नै सूचना हो भनी सूचनालाई परिभाषित गरेको छ । यसको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयको सूचना माग्ने र पाउने हक प्रदान गरेको छ, तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छन भनी उल्लेख गरेको छ ।

यस ऐनको अनुपालन गर्नका लागि आवश्यक निर्देशन प्रदान गर्न नियमावलीको निर्माण गरिएको छ । यो ऐन कार्यान्वयनका सवालमा सरकारका हरेक निकायमा सूचना अधिकारी तोक्नुपर्ने अनिवार्य कानुनी व्यवस्था छ । अतः कुनै पनि सिद्धान्त तथा कानुन जति महत्वपूर्ण हुन्छ, त्यसको कार्यान्वयन पक्षले पनि त्यत्तिकै महत्व राख्दछ । कार्यान्वयन कति हुन सक्यो र त्यसको प्रभाव कति रह्यो भन्ने नै महत्वपूर्ण हुन्छ । कानुनीमा व्यवस्था छ तर व्यवहारमा कार्यान्वयन पक्ष कमजोर छ भने कानुनको औचित्य रहँदैन ।

***सूचनाको हकसम्बन्धी कानुन २०६४ कार्यान्वयनको व्यावहारिक पाटो :***

संविधानको धारा २७ मा नागरिकलाई सूचनाको हकसम्बन्धी हक भए तापनि यसको कार्यान्वयनको पाटो कति अव्यवस्थित छ भन्ने केही उदाहरणहरु लिन सकिन्छ । कतिपय कार्यालयमा समयमै सूचना अधिकारी तोकेको नहुनु, सूचना अधिकारीको सरुवा भएको महिनौं बितिसक्दा पनि दोस्रो व्यक्तिलाई सूचना अधिकारी नतोकिनु, वेबसाइटमा नाम भएको सूचना अधिकारीको व्यक्ति त्यहाँ हुँदैनन् । त्यस्तै, अधिकांश कार्यालयले सूचना अधिकारीको मोबाइल नम्बर उल्लेख नगर्नु ल्यान्डलाइन फोनको नम्बर दिएको हुन्छ, त्यो फोन नम्बर पनि या त लाग्दैन, लागे पनि उठ्दैन, उठ्यो भने पनि सूचना अधिकारी त्यहाँ हुँदैनन् ।

गणतन्त्रलाई संस्थागत गराउने कार्यका लागि सरकारका काम कारबाहीलाई जवाफदेही, जिम्मेवार र पारदर्शी हुनुपर्ने हुन्छ । यसका लागि जनतालाई सुशासनको अनुभूति गराउनाका साथै जनताप्रति उत्तरदायी सरकार छ भन्ने पहिचान गराउनसमेत महत्वपूर्ण औजारको रुपमा रहेको यो कानुनको कार्यान्वयन गराउन सूचनाको हकका लागि राष्ट्रिय महासङ्घ र राष्ट्रिय सूचना आयोगलाई चलायमान गराउन आवश्यक सहयोग गर्नु सरकारको अपरिहार्य दायित्वलाई सरकारमा बस्नेहरुले नकार्न मिल्दैन । अतः यसका लागि सरकारले विशेष योजनाका साथ तल्लो तहका जनतासम्म यसको सन्देश पुऱ्याउन आवश्यक हुन्छ । साथै, राष्ट्रिय सूचना आयोगद्वारा प्रभावकारी अनुगमन र नागरिक स्तरबाट सञ्चालन गरिएका अभियानहरू र उनीहरुले सम्पादन गरेका सकारात्मक गतिविधिहरूलाई प्रशंसा गर्ने पद्धतिको विकास हुनुपर्ने भन्ने हो ।

***नागरिक प्रयासमा यो अभियान :***

अन्तरराष्ट्रिय भ्रष्टाचारविरुद्धको दिवसका अवसरमा सूचनाको हकका लागि राष्ट्रिय महासङ्घले सुरु गरेको सूचना माग्ने एकमहिने अभियानअन्तर्गत ७५३ वटै पालिकालगायत सरकारी कार्यालयहरू र अन्य सार्वजनिक निकायहरूबाट झन्डै एक हजारभन्दा बढी सूचना मागिएका छन् । हाल उक्त अभियानलाई समय बढाएर निरन्तरता दिइएको छ । राजधानीमा यो अभियानले तीव्रता लिएको छभने राजधानीदेखि बाहिर पनि यो अभियानले गति लिँदैछ ।

सूचनाको हकको कानुन आएपछि दुईपटक यो कानुनको मर्मलाई तोड्ने प्रयास भएको देखिन्छ । प्रथमत : डा बाबुराम भट्टराई प्रधानमन्त्री रहनुभएको बेलामा पहिलोपटक सूचनाको वर्गीकरणका नाममा सरोकारवालाको सुझाव तथा सहभागिताबिना गरिएको सूचनाको वर्गीकरण गर्ने कार्य भयो । यस सम्बन्धमा सर्वोच्च अदालतमा रिटसमेत परेको थियो र सो रिटमा सर्वोच्च अदालतले व्याख्यासहित अहिलेलाई कार्यान्वयन नगर्नु /नगराउनु भन्ने आदेश दिएपछि त्यो बेलाको सूचनाको वर्गीकरण रोकिएको थियो । लामो समयसम्म रोकिएको सूचनाको वर्गीकरण गर्ने कार्य दोस्रोपटक तत्कालीन सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को सरकारले पूर्णता पाउन नसकिरहेकै अवस्थामा ८७ वटा सूचनाको वर्गीकरणको प्रयास भएको थियो । यसमा पनि सर्वोच्च अदालतले कायम गरेको नजिरको बेवास्ता गरिएको थियो । नागरिक सहभागिता तथा सरोकारवालासँगको छलफलबिना नै वर्गीकरणा समितिले ल्याएका कारण नागरिक स्तरबाट विरोध गरेपछि रोकिएको थियो । यसले के सङ्केत गर्दछ भने सरकारी संयन्त्र सूचनाको हकको सम्बन्धमा सकारात्मक नदेखिएको भान हुन्छ ।

***'सूचनाको हक' सञ्चारमाध्यमको विषयवस्तुमा पर्न नसकेको विषय:***

जतातत‍ै भ्रष्टाचार र सेटिङको पद्धतिले गाँजिएको राजनीतिक परिस्थिति र अर्थतन्त्रको अवस्था देशमा विद्यमान रहेको छ । यस गिजोलिएको परिस्थितिलाई केही हदसम्म सूचना मागेर जिम्मेवार निकायलाई जिम्मेवार, जवाफदेही र पारदर्शी बनाउन सक्ने यो कानुनका सवालमा भए गरेका र हुनुपर्ने भन्ने विषय सञ्चारमाध्यमहरूको विषयवस्तु बन्न सकेको छैन । पछिल्लो समयमा राजधानी काठमाडौँमा सूचनाको हकका लागि राष्ट्रिय महसङ्घले दुईमहिने सूचना माग्ने अभियान सञ्चालन गरेको थियो । काठमाडौं महानगरपालिकाका सबै वडा र अन्य पालिकामा अभियन्ताहरू र स्थानीयले विभिन्न विषयमा सूचना माग्ने कार्यलाई तीव्रता दिएका छन् । देशका ७५३ वटा पालिकामा सूचना मागेर सूचना दिएका विवरणहरू पनि आइरहेका छन् । यी विषयहरू सञ्चारमध्ययमको उठानमा पर्न सकेको छैन । यसका लागि सुरुआतमा कम्तीमा सरकारले आफ्ना सरकारी सञ्चारमाध्यमहरूबाट सूचनाको हकको कानुनको महत्व र प्रयोग आमजनतामा पुऱ्याई सरकारलाई जवाफदेही, जिम्मेवार र पारदर्शी बनाउन सञ्चारमाध्यमबाट स्वतः प्रसारण गर्ने वातावरण सिर्जना गर्नुपर्छ भन्ने हो । यसका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय सूचना आयोग र सूचनाको हकका लागि राष्ट्रिय महासङ्घको संयुक्त प्रयास हुने वातावरण सिर्जना हुन जरुरी छ ।

नागरिक अभियानका रूपमा सूचनाको हकका लागि राष्ट्रिय महासङ्घले आफ्ना सञ्जालहरूमार्फत पालिकास्तरसम्म सूचनाको हकसम्बन्धी सन्देश पुऱ्याउने प्रयास गरेको छ, तर स्रोत साधन नहुँदा प्रभावकारी हुन सकिरहेको छैन । यसका लागि सरकारको सकारात्मक धारणाका साथ नीति तथा कार्यक्रममै उल्लेख हुन जरुरी हुन्छ र महासङ्घजस्ता नागरिक अभियानहरूसँग सहकार्य र सहयोग गर्दै प्रभावकारी योजना र रणनीति बनाइनु आवश्यक हुन्छ । सूचनाको हकलाई अनावश्यक झन्झटका रुपमा हेरिएको कारणले नियमानुसार सहज रूपमा सूचना पाउन नसकिरहेको अहिलेको अवस्था हो ।

***प्रभावकारी कार्यान्वयन र समाधानका उपाय:***

यो ऐनको उत्पत्तिको आवश्यकता नै जनताको संविधानले प्रदान गरेको सूचनाको हकलाई व्यावहारिक रुपमा प्रयोगको सुनिश्चित गराउनु हो । तर जुन मर्मले यो कानुन ल्याइएको हो त्यसको पालना भने अहिलेसम्मका कानुनले भनेअनुसार सरकारी निकायमा बसेका अधिकारीहरुले बुझ्ने प्रयास नगरेको र वास्तासमेत नगरेको बेलाबखतमा कतिपय अभियन्ताहरूको बुझाइ रहेको देखिन्छ । सरकारी निकायहरुबाट कानुनको व्यावहारिक कार्यान्वनका लागि विशेष कार्ययोजनाका साथ लागू गर्ने गराउने प्रयास भए गरेको देखिँदैन ।

साथै, आमनागरिकले समेत सूचना माग्ने वातावरण सिर्जना गर्ने वातावरण बन्नुपर्छ । सरकारीस्तरबाट सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिने वातावरण बन्नाका साथै राष्ट्रिय सूचना आयोगको दायरा फराकिलो पारिनुपर्छ । त्यसका लागि सरकारले राष्ट्रिय सूचना आयोगलाई पर्याप्त स्रोतसाधन उपलब्ध गराएर सहज रूपमा काम गर्ने वातावरण सिर्जना हुनुपर्ने अभियन्ताहरूको बुझाइ छ । साथै, सूचनाको हकसम्बन्धी जानकार, अग्रजहरू तथा पूर्वआयुक्तहरू र अभियान्ताहरूबीच छलफल हुन समेत जरुरी हुन्छ । सूचनाको हकका लागि राष्ट्रिय महासङ्घले पनि योजनाबद्ध रूपमा त्यसलाई अनुशरण गर्ने वातावरण बनाउन जरुरी हुन्छ । (लेखक सूचनाको हकका लागि राष्ट्रिय महासङ्घ केन्द्रीय अध्यक्ष हुनुहुन्छ) रासस

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# हाई अल्टिच्युड तालिमबाट २४ राष्ट्रका ३३८ जना दीक्षित

मुस्ताङ, २६ जेठः मुस्ताङको घरपझोङ गाउँपालिका-५ स्थित कैसाङमा रहेको सैनिक उच्चशिखर शिक्षालयमार्फत हालसम्म 'हाई अल्टिच्युड तथा माउन्टेन वारफायर' सम्बन्धी तालिम लिएका नेपालसहित २४ राष्ट्रका ३३८ सैनिक शिक्षार्थी दीक्षित भएका छन्।

मुस्ताङमा बर्सेनि हाई अल्टिच्युड तथा माउन्टेन वारफायरसम्बन्धी आधारभूत तथा एडभान्स तालिम सञ्चालन हुने गरेको सैनिक जनसम्पर्क निर्देशानालय काठमाडौँले जनाएको छ। मुस्ताङमा हाई अल्टिच्युड तथा माउन्टेन वारफायर तालिम सञ्चालनका लागि नेपाली सेनाको जङ्गी अड्डाले २०३२ सालमा सैनिक उच्च शिखर शिक्षालय स्थापना गरेको थियो। स्थापनाको ५०औँ वर्ष पूरा गरिसक्दा नेपालसहित विभिन्न राष्ट्रका करिब सात हजार जनाले आधारभूत तालिम प्राप्त गरिसकेको र दुई हजार ५०० जनाले हाई अल्टिच्युड तथा माउन्टेन वारफायरसम्बन्धी एडभान्स तालिम प्राप्त गरिसकेको सैनिक जनसम्पर्क निर्देशनालयका प्रवक्ता राजाराम बस्नेतले जानकारी दिनुभयो।



नेपाली सेनाअन्तर्गत सैनिक उच्चशिखर शिक्षालय मुस्ताङबाट एडभान्स तालिम प्राप्त गरेका शिक्षार्थीमध्ये ५१ जनाले आठ हजार मिटरभन्दा माथिको हिमाल आरोहण गरिसकेका छन्। प्रवक्ता बस्नेतका अनुसार मुस्ताङबाट हाई अल्टिच्युड तथा माउन्टेन वारफायर तालिम कोर्स पूरा गरेका शिक्षार्थीमध्ये हालसम्म २९ जनाले सगरमाथा हिमालको आरोहण गरिसकेका छन्। मुस्ताङमा एडभान्स तालिम कोर्सबाट दीक्षित शिक्षार्थीलाई हिमाल आरोहणका लागि उत्पादन गर्ने गरिएको छ।

नेपाली सेनाले बर्सेनि यस प्रकारको आधारभूत तथा एडभान्स तालिम सञ्चालन गर्ने गरेको छ। यसप्रकारको आधारभूत तालिम कोर्स चार/पाँच महिनासम्म हुने र एडभान्स तालिम आवश्यकता तथा औचित्यताका आधारमा निर्धारण हुने सैनिक प्रवक्ता बस्नेतले बताउनुभयो। नेपाली सेनाले पर्वतीय क्षेत्रअन्तर्गत मुस्ताङमा समुन्द्री सतहको दुई हजार ५०० मिटरको उचाइदेखि पाँच हजार ५०० मिटरको उचाइमा हाई अल्टिच्युड आधारभूत तथा एडभान्स तालिम सञ्चालन गर्ने गरेको छ। हिमाली तथा उच्चपहाडी युद्धकला, चट्टान कला, हिमकला, रिभर कलालगायत सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यास तालिम दिइने गरिएको छ। नेपाली सेनाले तालिम अवधिमा वातावरण प्रदूषण घटाउन तथा जलवायु सङ्कट न्यूनीकरण गर्ने उद्देश्यले हिमाल तथा पर्वतीय क्षेत्रमा भएका फोहोरमैलाको समेत व्यवस्थापन गर्ने गरेको छ। नेपाली सेनाले बर्सेनि सफा हिमाल अभियान सञ्चालन गर्ने गरेको छ।

नेपाली सेनाअन्तर्गत सैनिक उच्च शिखर शिक्षालय मुस्ताङले बर्सेनि आधारभूत तालिम समापन भएलगत्तै एडभान्स तालिम सञ्चालन गर्ने गरेको छ। यसप्रकारको एडभान्स तालिममा नेपाली सेनाका शिक्षार्थीसहित विभिन्न मुलुकका शिक्षार्थी सहभागी हुने गरेका छन्। यसै प्रयोजनका लागि मुस्ताङमा जेठ ११ देखि सेनाको हाई अल्टिच्युड तथा माउन्टेन वारफायर तालिम कोर्स सञ्चालन भएको नेपाली सेनाले जनाएको छ। तालिममा देशभरका करिब १४० भन्दा बढी सैनिक शिक्षार्थी सहभागी भएका छन्। आज जोमसोमस्थित कालीगण्डकी नदीमा बन्दोबस्तीका सामान प्रयोग गरी शिक्षार्थीलाई रिभर क्रसिङका विभिन्न विधाको अभ्यास प्रशिक्षण गराइएको छ। रासस

## रेलमार्ग.............

धाइरहेको छ। अब अहिले बजेट तयारीको काम भइरहेको छ। यो काम सकिएपछि हेरौँला भन्ने जवाफ आइरहेको छ।"

निर्माण व्यवसायीले अघिल्ला वर्षकै भुक्तानीका लागि ताकेता गरिरहेकाले थप काम गराउन नसकेको रेल योजना कार्यालय लालबन्दीका प्रमुख कार्कीको भनाइ छ। कार्कीले निर्माण व्यवसायीलाई पुरानो केही रकम उपलब्ध गराउन पाए सम्झाइ बुझाई थप काममा लगाउन सक्ने अवस्था रहेको तर मन्त्रालयबाट बजेट निकासा हुनेबारे अत्तोपत्तो नहुँदा अन्यौलमा परेको बताउनुभयो।

लालपुर्जा नरहेको सर्लाही र रौतहटको विभिन्न स्थानको जग्गालाई के गर्ने भन्ने निर्णय मन्त्रिपरिषदबाटै गर्नुपर्ने अवस्था देखिएको छ। विद्युतीय रेलमार्गअन्तर्गत महोत्तरीको बर्दीबासदेखि सर्लाहीको फुलजोरसम्म २०७० साल र फुलजोरदेखि रौतहटको चाँचासम्म २०७५ सालतिरै ठेक्का लिएर विभिन्न निर्माण कम्पनिले काम गरेका छन्।

पूर्व(पश्चिम विद्युतीय रेलमार्ग निर्माणका लागि सन्तोषि कन्टेक्ट, लुम्बिनी एपेक्स, रौतहट हिन्दुङ थोकर, गोल्डेन बिरुवालगायतका निर्माण व्यवसायीले ठेक्का पाएका छन्। यि सबै निर्माण व्यवसायी पुरानो कामकै भुक्तानी नपाएर हैरान छन्।

रेल योजना कार्यालय लालबन्दीका अनुसार पहिलो चरणमा ग्राभेल भर्ने, बेस निर्माण गर्ने र पुल, पुलेसाको काम गर्नुपर्ने सम्झौता निर्माण व्यवसायीसँग भएको छ। विवाद भएको ठाउँ छाडेर काम गर्दा पनि बर्दीबासदेखि चाँचासम्म ट्रयाक निर्माणको काम ९० प्रतिशतभन्दा बढी भइसकेको र चाँचादेखि बाराको निजगढसम्मको खण्डमा ठेक्का लाग्न बाँकी रहेको रेल योजना कार्यालय लालबन्दीले जनाएको छ। बजेटको कमी, निर्माण सामग्रीको अभाव र जग्गाको विवादका कारण चालू आर्थिक वर्षमा पूर्वपश्चिम विद्युतीय रेलमार्गको काम ठप्प नै रहने अवस्था देखिएको छ। सर्लाहीको हरिवनस्थित घुर्कौली क्षेत्रका स्थानीयले जग्गाको मुआब्जा निकै कम भएको भन्दै मुआब्जाबापतको रकम बुझ्न मानेका छैनन्।

हरिवन नगरपालिका(५, घुर्कौलीका वडाध्यक्ष नागेन्द्रकुमार साहले मुआब्जाको समस्या समाधान गर्न १० पटकभन्दा बढी छलफल गरे पनि ठोस निष्कर्ष निस्कन नसकेको बताउनुभयो। नक्सामा जग्गा एउटाको र जग्गा भोगचलन गर्ने व्यक्ति अर्कै रहेकाले मुआब्जा कस्ले लिने भन्ने विवाद प्रमुख रुपमा देखा परेको वडाध्यक्ष साहको भनाइ छ।

उहाँले मुआब्जा पनि असाध्य कम निर्धारण गरिएकाले समस्या परिररहेको बताउनुभयो। "यो समस्या समाधान गर्न किसानलाई लिएरै भौतिक पूर्वाधार मन्त्रालय, रेल विभागलगायतका निकायमा १०/१५ चोट नै पुगिसँके तर ठोस निष्कर्ष निस्कन सकेको छैन," वडाध्यक्ष साहले भन्नुभयो, "किसानका समस्या समाधान गरेर मात्रै रेलमार्ग निर्माणको काम गर्नुपर्छ भन्ने माग छाडेका छैनौँ।"

जिल्ला मुआब्जा निर्धारण समितिका संयोजक एवम् सर्लाहीका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले घुर्कौली क्षेत्रको हकमा ९५ प्रतिसत किसानले मुआब्जा लिइसकेकाले बाँकी पाँच प्रतिशतले मात्रै मुआब्जाको रकम वृद्धि गर्नुपर्ने माग गर्न उचित नहुने बताउनुभयो। उहाँले निर्माण कार्यमा अवरोध नहुने गरी सहमतीको बाटो खोज्न रेल योजना कार्यालयलाई भनिएको बताउनुभयो।

प्रमुख जिल्ला अधिकारी श्रेष्ठले मुआब्जाकै कारण रेलमार्ग निर्माणमा समस्या उत्पन्न हुन नदिन छलफल तथा समन्वय गरिरहेको जानकारी दिनुभयो। "धेरैजसो किसानल मुआब्जाबापतको पैसा बुझिसक्नु भयो तर पाँच/सात जना किसानले मात्रै मुआब्जा नबुझ्नुभएको हो," प्रमुख जिल्ला अधिकारी श्रेष्ठले भन्नुभयो, "उहाँहरुलाई सहमतिमा ल्याएर अवरोध रहेको ठाउँमा रेलमार्ग निर्माणको काम अघि बढाउँछौँ।" महोत्तरीको बर्दीबासदेखि रौतहटको चाँचासम्मको खण्डमा नै रेलमार्गको ट्रयाक निर्माणमा अनेक समस्या उत्पन्न हुँदा चाँचादेखि बाराको निजगढस्थित तराई(काठमाडौँ द्रुतमार्गको प्वाइन्टसम्मको खण्डमा काम अघि बढाउने रेल योजना कार्यालयको प्रयास असफल बनिरहेको छ।

# रवि लामिछानेको पक्राउ प्रतिशोधपूर्ण र अपहरण शैलीमा छ : कविन्द्र बुर्लाकोटी

दैनिक समाचारदाता

काठमाडौँ, २६ जेठ। राष्ट्रिय स्वतन्त्र पार्टीका सहमहामन्त्री कविन्द्र बुर्लाकोटीले पार्टी सभापति रवि लामिछानेलाई जबरजस्ती राज्यले प्रतिशोधपूर्ण हिसाबले पक्राउ गरेको बताएका छन्।

राज्यको संयन्त्र र कानुनलाई गलत रुपमा प्रयोग गरेर लामिछानेलाई कानुनी प्रक्रिया पूरा नगरी पक्राउ गरिएको रास्वपाको ठम्याइ छ। उनले भने, 'सर्वोच्च अदालतमा रवि लामिछानेका दुईवटा निवेदन थिए। बन्दीप्रत्यक्षीकरणको सन्दर्भमा गत चैत्र २२ गते राति सभापतिज्यूलाई अदालतको आदेश नै बिना जबरजस्ती राज्यले प्रतिशोधपूर्ण हिसाबले पक्राउ गर्ने काम गर्‍यो। कानुनी प्रक्रिया नै पूरा नगरी पक्राउ गरिएको हो भन्ने हाम्रो बुझाइ हो।'

रविलाई त्रासिपूर्ण तरिकाले प्रहरीले अपहरण शैलीमा पक्राउ गरेको घटना विरुद्ध पुनरावेदन दिएपनि सर्वोच्चले त्यसमा खास ध्यान नदिएको उनको आरोप छ। उनले भने, 'पक्राउविरुद्ध पुनरावेदन थियो र त्यो पुनरावेदन सर्वोच्च अदालतले खास ध्यान दिएर हेरेन। २२ गते राति नै त्रासिपूर्ण घटना प्रहरीले गरेर अपहरण शैलीमा पक्राउ गरेर लग्यो। त्यो आवश्यक थिएन। सामान्यतया उच्च अदालतको फैसला, जिल्ला अदालत गएर जिल्लाले प्रहरीलाई लेखेपछि प्रहरीले कार्यान्वयन गर्नुपर्ने हो। तर राज्यले ज्यादती र मानव अधिकार हनन गर्‍यो।'

साथै, रवि लामिछाने सहकारीको रकम अपचलनमा संलग्नता देखिएन भन्ने त संसदीय छानविन समितिको प्रतिवेदनमै स्पष्ट गरिसक्दा पनि थुनामा राखिएको छ। तर सहकारीकै अर्बौं रकम अपचलन गरेका व्यक्तिहरु चाँहि १०-२० लाख रुपैयाँ धरौटी राखेर एकदिन पनि प्रहरी कस्टडीमा नबसी बाहिर आउनु राजनीतिक प्रतिशोध नै भएको उनको बुझाइ छ।

उनका अनुसार सभापति भैरहवाबाट काठमाडौंमा स्थानान्तरण गर्ने कुरा पारिवारिक कुरा पनि रहेकाले र पार्टीको सदस्यहरुसँगको भेटघाट वा



सल्लाह गर्न सहज हुन्छ भन्ने हिसाबले हुनसक्छ। तर यस विषयमा पार्टीका तर्फबाट केही कुरा भएको छैन्।

यस्तै, उनले भ्रष्टाचारका काण्डहरुले राज्यको मर्यादा नै कम हुने भन्दै यसलाई छानविन गर्न उच्च स्तरीय छानविन समिति आवश्यक हुने बताए। उनका अनुसार अख्तियारमा पनि दलीय भागबण्डामा नियुक्ति भएका मान्छेहरु रहेका छन्। जसका कारण अहिलेको गृहमन्त्रीलाई राजीनामा दिएपछि पनि बोलाएर छानबिन गर्न सक्ने अख्तियारको अवस्था छैन्।

उनले भने, 'अख्तियारले मुद्दा चलाएको छ। त्यो ठिक छ तर त्यहाँ पनि दलीय भागबण्डामा नियुक्ति भएका मान्छेहरु छन्। हालको सरकारमा रहेका दलका नेताका मान्छेहरु नियुक्ति भएका छन्। यस्तो अवस्थामा अख्तियारले पनि गृहमन्त्री तहमा छानविन गर्न सकिने देखिदैंन्। अहिलेको गृहमन्त्रीलाई राजीनामा दिएपछि पनि बोलाएर छानविन गर्न सक्ने अख्तियार देखिदैंन।'

गृहमन्त्रीले नैतिकताको आधारमा छानबिनलाई नसघाउने हो भने प्रधानमन्त्रीले बर्खास्त गर्नुपर्ने वा नेपाली काङ्ग्रेसले गृहमन्त्रीलाई फिर्ता बोलाउनुपर्ने पनि उनको भनाइ छ।

# विदेश पठाइदिने भन्दै ११ करोड ठग्ने तिन जना पक्राउ

दैनिक समाचारदाता

काठमाडौँ, २६ जेठ। वैदेशिक रोजगारका लागि बेलायत पठाई दिन्छु भनी रकम ठगी गर्नेलाई प्रहरीले पक्राउ गरेको छ।

महेश लिम्बूलाई मोरङ रतुवामाई १० स्थायी घर भई हाल काठमाडौं ६ सरस्वतीनगर बस्ने ४४ वर्षीय लक्ष्मण पराजुली र धनुषा सबैला नपा १२ स्थायी घर भई हाल काठमाडौं ३२ नरेफाँट बस्ने ४७ वर्षीय अरुणराज शर्मालाई पक्राउ गरेको प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिनुभयो।



उनीहरूलाई थप अनुसन्धान र कारबाहीका लागि वैदेशिक रोजगार विभाग पठाइएको जनाएको छ। उनीहरूले हाल सम्ममा ३८ जना पीडितहरूबाट एघार करोड छ लाख सन्तानब्बे हजार रकम ठगी गरेको प्रहरीले जनाएको छ। त्यसै गरी वैदेशिक रोजगारीको लागि क्यानाडा पठाइ दिन्छु भनी ठगी गर्ने भक्तपुर नपा २ का ४४ वर्षीय रवीन्द्र वासुकलालाई प्रहरीले पक्राउ गरेको जनाएको छ। क्यानाडा पठाइ दिने भन्दै उनले पाँच लाख साठी हजार ठगी गरेको प्रहरीले जनाएको छ।

## 'योजना........

को गम्भीर कमजोरी रहेको औल्याए। उनले भने, 'अहिले बजेटको समय छ। बाहिरका ठेकेदार र बिचौलियामार्फत योजना छनोट भइरहेको छ। यो बजारमा हल्ला छ। मेरो निवेदन छ, सरकारले यस्तो बदनामी नगर्नुस्।'सांसद दासले योजना तथा कार्यक्रमको छनोट जनप्रतिनिधिमार्फत गर्न सरकार लाई सुझाए। समयमा पुँजीगत खर्च नहुने गरेको बताउँदै उनले भने, 'बजेट प्रस्तुत भइसकेपछि साउनदेखि काम गर्ने कुरा लेख्छौं, तर जेठदेखि बल्ल चिठ्ठी काट्न सुरु हुने गरेको छ। यसमा सुधार गरौं।'



# राजर्षिक विश्वविद्यालयको भवन निर्माणको माँग गर्दै प्रधामन्त्रीलाई ज्ञापनपत्र

दैनिक समाचारदाता

जनकपुरधाम, २६ जेठ। राजर्षि जनक विश्वविद्यालयको मुल भवन निर्माणको मांग सहित जिल्ला प्रशासन कार्यालय धनुषा मार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापन पत्र बुझाइएको छ। विश्वविद्यालय भवन निर्माण समन्वय तथा सहजकर्ताहरुले विश्वविद्यालय भवन निर्माणको लागि गुठी संस्थान संग लिजमा लिएको नगराइन नपा फुलगामा स्थित मनियारी चौरीको जग्गामा यथाशीघ्र भवन निर्माणको मांग सहित आज ज्ञापन पत्र बुझाएका हुन।

समन्वय एवं सहजकर्ता धनुषा क्षेत्र नं. ३ (क) का प्रत्याशी जीतेन्द्र कुमार यादव एवं नेपाली कांँग्रेसका युवा नेता प्रवेश चौधरीको संयुक्त अगुवाईमा ज्ञापन पत्र बुझाइएको छ।



विश्वविद्यालय संग भौतिक पूर्वाधार निर्माणको लागि पर्याप्त रकम रहेको र भवन निर्माणकै लागि गुठी संस्थान संग गत वर्ष ४३ बुन्दे सम्झौता गरि वार्षिक ५ लाख तीर्ने गरि २५ वर्षको लागि ९ विग्घा १४ का १३ धुर जग्गा लिजमा लिइ सकेको हुँदा समेत भवन निर्माण तर्फ विश्वविद्यालय प्रशासन मौन रहनु शंकास्पद रहेको ज्ञापन पत्रमा उल्लेख छ।

विश्वविद्यालयको प्रथम दिक्षान्त समारोहमा कुलपतिको हैसियतले प्रधानमन्त्री ओली जनकपुर आउन लागेको पूर्व सन्ध्यामा उनिहरुले ज्ञापन पत्र बुझाएका हुन। विश्वविद्यालय संग रकम र जग्गा रहेपनि पनि मासिक ६ लाखको भाडा तिरेर विश्वविद्यालय संचालन गर्नुले उनिहरुको नियत माथि नै शंका उब्जाएको उनिहरुले आरोप लगाएको छ।

अग्रजहरुको लामो संघर्षपछि स्थापन भएको राजर्षि जनक विश्वविद्यालयलाई केही तत्वले हुलाकी राजमार्गकै नियतिमै लैजाने प्रयास गरि रहेको भन्दै उनिहरुले मुल भवन निर्माणका लागि तत्काल पहल गरि दिन समेत प्रधानमन्त्री संग आग्रह गरेका छन।

# ७२ जिल्लामा फैलियो डेङ्गी



दैनिक समाचारदाता

काठमाडौँ, २६ जेठ। मनसुन लागेसँगै डेङ्गी सङ्क्रमण देखिन थालेको छ। जुनदेखि अगस्टसम्म (असार-भदौ) सम्मलाई डेङ्गी सङ्क्रमणको जोखिम कायम रहने समयका रुपमा लिइन्छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडिसिडी) को तथ्याङ्कअनुसार जनवरी १ देखि जुन ८ सम्म एक हजार दुई सय ५५ सङ्क्रमित भेटिएका छन् भने ७२ वटा जिल्लामा डेङ्गी सङ्क्रमण पुष्टि भइसकेको छ। सबैभन्दा धेरै सङ्क्रमितको सङ्ख्या काठमाडौँमा देखिएको छ। काठमाडौँमा १३२, कास्कीमा ९०, सुनसरीमा ८७, चितवनमा ६१, पाल्पामा ५१, रुपन्देहीमा ४७, कञ्चनपुरमा ३७, दाङमा ३२ र भक्तपुरमा ३० वटा सङ्क्रमित भेटिएका छन्। ईडीसीडीका कीटजन्य रोग नियन्त्रण शाखाका प्रमुख डा गोकर्ण दाहालले डेङ्गीलाई शून्यमा नै ल्याउने र डेङ्गी गराउने लामखुट्टे सखाप नै पार्न भन्ने अवस्था सिर्जना गर्न नसकिए पनि नियन्त्रण भने गर्न सकिने बताउनुभयो। उहाँले भन्नुभयो, "डेङ्गीको सङ्क्रमण र मृत्युदर घटाउन सकिन्छ। यसका लागि सबै जनाको समन्वय आवश्यक हुन्छ। नागरिक, समुदाय, सरकारी-गैरसरकारी संस्था सबैले हातेमालो गर्नुपर्छ।"

डा दाहालले यो वर्ष मनसुन छिट्टै सुरु भएको र मौसमविद्ले पानी धेरै पर्न सक्ने आकलन गरेकाले सङ्क्रमण बढ्न सक्ने सम्भावना रहने सक्ने बताउनुभयो।

"यो वर्ष डेङ्गी सङ्क्रमण बढ्छ वा स्थिर रहन्छ भनेर आकलन गर्न हामीसित भेक्टरको पर्याप्त तथ्याङ्क छैन। यद्यपि मनसुन केही अघि सुरु भएको र धेरै पानी पर्ने भनिएको हुनाले पानी जम्मा हुने र सञ्चित भएर बस्ने र लामखुट्टेको विकास हुने सम्भावनालाई नकार्न मिल्दैन", उहाँले भन्नुभयो।

डा दाहालकाअनुसार सबैले डेङ्गी नियन्त्रणमा सबैले आआफ्नो ठाउँबाट बराबर सहभागिता जनाए तीनै तहले डेङ्गी नियन्त्रणसम्बन्धी आवश्यक कार्यक्रम डेङ्गी सङ्क्रमण र यसबाट मृत्यु हुने दर पनि कम गर्न सकिन्छ।

डेङ्गी एडिस एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको कीटजन्य रोग हो। डेङ्गीबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुपर्छ।

यसबाट बच्न पूरा शरीर ढाक्ने कपडा लगाउने, खाल्डाखुल्डी पुर्ने, खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने, खाली भाँडाकुँडा घोप्ट्याएर राख्ने, पानीको ट्याङ्की पूरै खाली गरेर सफा गरिरहने, सुत्ने बेला झुलको प्रयोग गर्नाले पानी जम्मा गरी राखिएका पानीको ट्याङ्की, ड्रम, गाग्री, बाल्टिनलाई लामखुट्टे छिर्न नपाउने गरी राम्रोसँग छोपेर राख्ने, आफ्नो घर वरपर, कार्यस्थल र सार्वजनिक स्थानमा फाएिका काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, टिका बट्टा, प्लास्टिकजन्य वस्तुहरु तथा पानी जन्म नसक्ने अन्य भाँडा तथा सामग्रीलाई पानी नजम्ने गरी व्यवस्थापन गर्न विज्ञको आग्रह छ।

# राष्ट्रियसभाबाट पानी जहाज विधेयक, २०८१ पारित

दैनिक समाचारदाता

काठमाडौँ, २६ जेठ। राष्ट्रियसभाबाट पानीजहाज (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८१ पारित भएको छ। सभाको आजको बैठकमा भैतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले राख्नुभएको उक्त विधेयक पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भएको हो।

त्यसअघि बैठकले 'विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित पानीजहाज (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८१ माथि छलफल गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको थियो। उक्त प्रस्तावमाथिको छलफलमा सांसदहरु सुरेशकुमार आले मगर, रुक्मिणी कोइराला, तारामान स्वाँर, डा बेदुराम भुसाल र विष्णुबहादुर विश्वकर्माले भाग लिनुभएको थियो।

# काठमाडौँका इन्जिनियर कोइरी विरुद्ध चार करोड ५८ लाख भ्रष्टाचार गरेको भन्दै मुद्दा दायर

दैनिक समाचारदाता

काठमाडौँ, २६ जेठ। काठमाडौँ महानगरपालिकाका तत्कालीन इन्जिनियर (उपनिर्देशक) रामबाबु महतो कोइरीले सेवाकलामा चार करोड अन्ठाउन्न लाख सन्तानब्बे हजार चार सय तिन रुपैयाँ अठासी पैसा पैसा भ्रष्टाचार गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दर्ता गरेको छ।

अकुत सम्पत्ति आर्जन गरेको भन्दै आयोगले सोमबार मुद्दा दर्ता गरेको जनाएको छ। धनुषा, क्षीरेश्वरनाथ नगरपालिका ५ (साबिक नकटाझिज ६) स्थायी वतन भई हाल काठमाडौँ महानगरपालिका ४ चण्डोल बस्ने कोइरीले पदीय मर्यादा




विपरीतका कार्य गरी गैर कानुनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान गर्दा अकुत सम्पत्ति आर्जन गरेको पाइएपछि मुद्दा दर्ता गरेको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो।

आरोपित कोइरीले काठमाडौँ महानगरपालिकाको कार्यालयमा २०४६ वैशाख १९ गते देखि सार्वजनिक पद धारण गरी २०७८ फागुन ३० गतेसम्म जागिर खाएका थिए।

उक्त अवधिमा सात करोड छयानब्बे लाख छयहत्तर हजार आठ सय चार रुपियाँ तेइस पैसा आर्जन गरेको र ती मध्ये तिन करोड सैँतिस लाख उनासी हजार चार सय रुपैयाँ चौँतिस पैसाको मात्र स्रोत देखिएकाले बाँकी रकम भ्रष्टाचार गरेको भन्दै आयोगले बिगो मागदाबी सहित कारबाही गर्न मुद्दा दर्ता गरेको जनाएको छ।

# मधेश प्रदेश नीति तथा कार्यक्रम : सांसदहरुको चरम असन्तुष्टि

दैनिक समाचारदाता

जनकपुरधाम, २६ जेठ। मधेश प्रदेश सभामा आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रममाथि छलफल सुरु भएको छ।

सोमबार बसेको बैठकमा मुख्यमन्त्री सतीश कुमार सिंहले नीति तथा कार्यक्रममाथि छलफल प्रारम्भ गर्न प्रस्ताव प्रस्तुत गरेका छन्। छलफल प्रारम्भसंगै विभिन्न सांसदहरूले सरकारको नीति तथा कार्यक्रममा सुधार आवश्यक भएको औंल्याउँदै संशोधन प्रस्तावहरू पेश गरेका छन्।

बैठकमा अधिकांश सांसदहरूले नीति तथा कार्यक्रमलाई 'नारामुखी' 'अस्पष्ट' र 'संवेदनशीलता अभाव'भएको भन्दै एकपछि अर्कोगरी संशोधन प्रस्तावहरू प्रस्तुत गरेका छन्। सो क्रममा जनता समाजवादी पार्टी नेपालका सांसद रामअशिष यादवले सरकारको नीति तथाकार्यक्रममा मधेश आन्दोलन र जनआन्दोलनको चर्चा नै नगरिएकोप्रति गम्भीर आपत्ति जनाए। यादवले पूर्वाधार प्रतिष्ठानबाट दिइँदै आएको सहयोगलाई निरन्तरता दिँदै थप सुविधा उपलब्ध गराउनुपर्नेमा जोड दिए।

त्यस्तै, सांसद माला कर्णले नीति तथा कार्यक्रमप्रति गम्भीर आलोचना गर्दै यसलाई 'नाराको पुलिन्दा' मात्र भनेकी छन्। उनका अनुसार,'नीति कार्यान्वयनको खाका विना ल्याइएको छ। नाराहरूले स्वर्ग देखाउँछन्, तर वास्तविकता त्यस्तो छैन। यदि नीति कार्यान्वयन भएन भने, मधेश अझै पछाडि पर्नेछ।'


उनले प्रहरी ऐनको विषयमा नीतिमा कुनै उल्लेख नभएको, माता जानकीको स्थललाई केवल वैवाहिक स्थलको रूपमा मात्र उल्लेख गरिएकोप्रति आपत्ति जनाउँदै, ऐतिहासिक तथा धार्मिक महत्वसमेत समेट्नुपर्ने बताइन्। यता, सांसद किरण कुमारीले नीति तथा कार्यक्रम जनजीवनसँग जोडिन नसकेको बताउँदै राजविराज नगरपालिकाको दुर्गन्ध, अस्वस्थ वातावरण र फोहोर व्यवस्थापनप्रति सरकारको ध्यानाकर्षण गराइन्।

त्यस्तै, सांसद संजय कुमार यादवले मधेश जनविद्रोहको ऐतिहासिकता र योगदानलाई समावेश गर्न माग गरे। साथै, आठै जिल्लामा एक-एकवटा विशेषज्ञ अस्पताल, ६४ निर्वाचन क्षेत्रमा नमुना विद्यालय, प्रादेशिक गर्ल्स कलेजको स्थापना, दलित समुदायका लागि विशेष कार्यक्रम, मुस्लिम समुदायलाई साक्षर बनाउने कार्यक्रम र प्रदेशमा लगानी भित्र्याउन लगानी सम्मेलनको प्रस्ताव गरे।

सांसद लखन दासले नीति कार्यक्रममा शिक्षामा दक्ष जनशक्ति उत्पादन गर्ने भनिए पनि सामुदायिक विद्यालयको अवस्था कमजोर रहेको र त्यसलाई सुधार्ने स्पष्ट योजना नदेखिएको बताए। सांसद कुमारकान्त झाले मधेशका हजारौं विघा गुठी जग्गा कब्जामा परेको भन्दै सरकारको ध्यानाकर्षण गराए। उनले धार्मिक र पर्यटकीय दृष्टिले महत्वपूर्ण माध्यमिक परिक्रमा व्यवस्थापनको नीति कार्यक्रममा उल्लेख नभएको भन्दै त्यसलाई समावेश गर्न माग गरे। सांसद चन्दन कुमारले जलवायु परिवर्तनलाई विश्वव्यापी संकट बताउँदै त्यसलाई हल्का रूपमा नलिन आग्रह गरे। उनले श्रमिकहरूको यातायात, रोजगारी र सुरक्षा सुधार गर्न नीति ल्याउनु पर्नेमा जोड दिँदै, एक छुट्टै जलवायु नीति बनाउन सुझाव दिए।

प्रदेश सभामा नीति तथा कार्यक्रममाथिको छलफल जारी नै रहेको छ। मंगलबार बस्ने बैठकमा बाँकी सांसदहरुले आफ्नो कुरा राख्ने जनाइएको छ।

अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४